# प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२७।५।१

**संशोधनः**

प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता (पहिलो संशोधन) नियमहरू, २०३२ — २०३२।३।९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०२७" रहेको छ।

(२) यी नियमहरू २०२७ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. **प्रहरी कर्मचारीको वर्गीकरण** : दैनिक तथा भ्रमण भत्ता दिने प्रयोजनको लागि प्रहरी कर्मचारीलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

(क) नेपालको निमित्तः

(१) प्रहरी नायव महानिरीक्षक र सो देखि माथिका अधिकृत - प्रथम तह

(२) प्रहरी निरीक्षक र सो देखि माथिका तर प्रहरी नायव महानिरीक्षकदेखि मुनिका अधिकृत - द्वितीय तह

(३) प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक - तृतीय तह

(४) प्रहरी हवल्दार, प्रहरी फलवर्स - चतुर्थ तह

(ख) विदेश जाँदाको निमित्तः

(१) प्रहरी नायव महानिरीक्षक र सो देखि माथिका अधिकृत - प्रथम तह

(२) प्रहरी निरीक्षक र सोदेखि माथिका तर प्रहरी नायव महानिरीक्षकदेखि मुनिका अधिकृत - द्वितीय तह

(३) प्रहरी नायव निरीक्षक र सो देखि मुनिको प्रहरी जवान - तृतीय तह

---

द्रष्टव्य :- प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता (पहिलो संशोधन) नियमहरू, २०३२ मिति २०३० साल फाल्गुण १५ गतेदेखि प्रारम्भ भएको ।

❶३. **<u>दैनिक, भ्रमण तथा लुगा भत्ता पाउने</u>** : नियम २ मा गरिएको वर्गीकरणको आधारमा प्रहरी कर्मचारीको हकमा समेत ▲<u>दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३०</u> लागू हुनेछ र सोही बमोजिम दैनिक, भ्रमण तथा लुगा भत्ता दिइनेछ ।

तर राशन पाउने प्रहरी कर्मचारीलाई नेपाल अधिराज्यभित्र सरकारी काममा भ्रमणमा खटाउँदा दैनिक भत्ता बापत सकभर राशन नै दिइनेछ र त्यस्तो प्रहरी कर्मचारीले भ्रमण भत्ता समेत पाउनेछ ।

४. **<u>खारेजी</u>** : यी नियमहरू प्रारम्भ हुनुभन्दा अघि प्रहरी अधिकृत तथा कर्मचारीलाई दैनिक भ्रमण तथा लुगा भत्ता दिने सम्बन्धमा भएका सबै नियम, निर्णय आदेश खारेज गरिएको छ ।

नेपाल कानून आयोग

---

❶ पहिलो संशोधनद्वारा संशोधित ।

▲ यो नियम आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ द्वारा खारेज गरिएको ।